कोन्ज्योसोम गाउँपालिका
Konjyosom Rural Municipality
སྐྱིད་ཡུལ། གོན་ཇོ་སོམ་གྲོང་ཁྱེར།
# गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
चौघरे ललितपुर
Chaughare, Lalitpur

बागमती प्रदेश, नेपाल।
Bagmati Province,Nepal.

पत्र संख्या /Ref.No:-२०८०/८१
चलानी नं./Dispatch No:-

विषय :- गाडी भाडामा लिने सम्बन्धि सूचना ।

**(प्रथम पटक प्रकाशित मितिः २०८१/०३/२४)**

प्रस्तुत विषयमा यस कोन्ज्योसोम गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, चौघरे, ललितपुरलाई कार्यालय प्रयोजनार्थ आ.व. २०८१/०८२ को लागि गाउँपालिकाको कार्यालयले खटाएको स्थानमा संचालन हुन सक्ने चार पांग्रे सवारी साधन न्युनतम ९ (नौ) सिट क्षमता भएको 4 Wheeler पिकअप गाडी थान १ (एक) कार्यालय प्रयोजनको लागि भाडामा लिनुपर्ने भएकाले यो सूचना प्रकाशित भएको मितिले ७ दिनको कार्यालय समय भित्रमा यस कार्यालयको राजश्व शाखा वा सानिमा बैंकमा रहेको कार्यालयको खाता नं.०६६०१००४००००१३(ग-१.१ आन्तरिक राजश्व खाता) मा दस्तुर रु. १,०००।- तिरेको रसिद सहित तपसिल बमोजिमको शर्त र अधिनमा रही गोप्य सिलबन्दी प्रस्ताव खरिद गरी बुझाउन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिलः

कार्यालय प्रयोजनको लागि प्रयोग गरिने गाडी संख्याः एक (१)

क) गाडीको ब्लुबुक चालु आ.व.को नवीकरण सहितको प्रतिलिपि ।

ख) गाडी धनीको नागरिकताको प्रतिलिपि ।

ग) सवारी विमा सम्बन्धि कागजातको प्रतिलिपि ।

घ) सवारी धनीले चालक, मर्मत, ईन्धन सहित सवारी साधन उपलब्ध गराउनु पर्नेछ ।

ङ) गाडी भाडा अवधि भर चालकको तलव भत्ताका साथै सवारी चालकको खाना र बासको व्यवस्था सवारी धनीले आफै गर्नुपर्ने छ ।

च) गाडी भाडा, इन्धन, सवारी चालक, मर्मत समेत प्रति महिना के कतिमा दिन चाहेको हो सो कुरा स्पष्ट रुपमा अक्षर र अंकमा खुलाउनु पर्नेछ ।

छ) प्रति लिटर सवारी साधन कति कि.मि गुड्ने हो सो समेत स्पष्ट खुलाउनु पर्नेछ ।

ज) सवारी साधनको मर्मत सम्भार र सर्भिसिंग सवारी धनि आफैले गर्नुपर्ने छ ।

झ) सवारी साधन बिग्रेको खण्डमा वैकल्पिक सवारी साधनको व्यवस्था सवारी धनी आफैले गर्नुपर्नेछ

ञ) दरखास्त बुझाउने अन्तिम मिति २०८१/०३/३० गते कार्यालय समय भित्र दरखास्त खरिद गरी बुझाई सक्नु पर्नेछ ।

ट) गोप्य सिलबन्दी दरभाउ-पत्र ८ औं दिनको ठीक ११: ०० बजे गाउँ कार्यपालिकाको कार्यालयमा कर्मचारी र प्रतिनिधीको रोहबरमा खोलिनेछ ।

ठ) अन्य कुराको हकमा, गाउँ कार्यपालिकाको कार्यालयले निर्णय गरे बमोजिम हुनेछ ।

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत